# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ८ मिति २०८०/११ /२६

भाग-२

## जानकी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०

प्रमाणीकरण मिति : २०८०/११/२२

**प्रस्तावना :**

जानकी गाउँपालिका क्षेत्र भित्र खासगरी स्वास्थ्य सेवाका पहुंचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताका पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी जानकी गाउँ कार्यपालिकाले यो निर्देशिका बनाइएको छ ।

१. सक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसारपसार स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँदछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति : (१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेका एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष:- सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेका अधिकृत स्तरको कर्मचारी - सदस्य

(घ) एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकिएको २ जना सदस्य - सदस्य

(छ) जिन्सी शाखा प्रमुख- सदस्य सचिव

४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति: (१) गाउँपालिकाले खरिद गरि आफैले संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - संयोजक
(ख) स्वास्थ्य शाखा संयोजक - सदस्य
(ग) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य
(घ) शिक्षा शाखा प्रमुख - सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले संचालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन कार्य समितिले संचालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ।

(५) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिका काम, कर्तव्य र अधिकार : (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेका अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने। यस निर्देशिका अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने। बारम्बार आचरण उल्लंघन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्द गर्ने।

(ग) एम्बुलेन्स सेवा संचालनका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धि दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसूची-१ बमोजिम सेवा शुल्क लिई बैंक कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(ज) समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक बर्षको जेठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(झ) जानकी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, जानकी गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने नदिने निर्णय गर्नेछ ।

६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः-

(१) एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बन्धित सेवा ग्राहिले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा आर्थिक ऐनमा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम दफा ४ को उपदफा (१) बमोजिम संचालन, हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम संचालन हुने भए जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोहि संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा दिए बापत लिईने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) सो कोषको संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ कोषको रकम सामान्यतया चालकको तलब भत्ता,इन्धन,एम्बुलेन्स मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्री लगायतका सामाग्री खरिदमा खर्च गरिनेछ ।

७. चालकको नियुक्ति र सेवा सुविधा:-

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँपालिकाले दुई जना योग्यता पुगेका चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) चालकको रु ५ लाख सम्मको दुर्घटना बिमा गरिनेछ बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची २ बमोजिम हुनेछ ।

(५) चालकलाई एम्बुलेन्स संचालन समितिको निर्णयले थप अन्य सुबिधा उपलब्ध गराउन सक्नेछ ।

८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार:-

(१) दफा ४ को उपदफा (१) बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा जानकी गाउँपालिका अन्तर्गत दुर्गौली स्वास्थ्य चौकी,जानकी-१, कैलालीको हातामा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु परेमा ईस्टिमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२ ) बमोजिमको समितिको निर्णयअनुसार हुनेछ,सो भन्दा बढीको मर्मत खर्च भएमा उक्त समितिको सिफारिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

९. विविध :-

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधि उपकरणको विवरण अनुसूची ३ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी,बिरामीका आफन्तको बिमाको दायित्व सेवा ग्राही स्वयंको हुनेछ र एम्बुलेन्समा परिचालन भएका स्वास्थ्यकर्मिको हकमा बिमाको दायित्व जानकी गाउँपालिका कार्यालयको हुनेछ।

(३) लेखा र लेखापरीक्षण:-

(क) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखापरीक्षण आर्थिक प्रशासन ऐन् तथा नियमावली अनुरुप हुनेछ ।

(ख) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसाब महालेखा परीक्षकको कार्यालयबाट खटिने लेखापरीक्षणबाट सालबसाली रुपमा लेखापरीक्षण गराईनेछ ।

(४) विवादको समाधान:-

(क) एम्बुलेन्स संचालन गरि सेवा गर्ने सन्दर्भमा कुनै किसिमको बिबाद उत्पन्न भएमा एम्बुलेन्स संचालन समितिले सम्बन्धित पक्षहरु संग छलफल गरी समाधान गर्नेछ ।

(ख) एम्बुलेन्स संचालक समितिले समाधान गर्न नसकेका विवादहरु कार्यपालिकाको निर्णयबाट समाधान गरिनेछ ।

(५) निर्देशिका संशोधन:- यस निर्देशिकामा आवश्यक संशोधन वा थपघट गर्नुपरेमा गाउँकार्यपालिकाको निर्णय गरि थपघट वा संशोधन गर्न सकिनेछ ।

(६) प्रचलित कानुन बमोजिम हुने:- यस निर्देशिकामा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

निर्देशिकाको दफा (६) संग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट ।

| क.स. | स्थान देखि | स्थान सम्म | स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

तोकीएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजान अगाबै कार्यालयमा बुझाउनु पर्नेछ ।

१.कच्ची सडक प्रति किलोमिटर रु.....

२.ग्राबेल सडक प्रति किलोमिटर रु.....

३.पक्की सडक प्रति किलोमिटर रु.....

४.अक्सिजन सिलिन्डर प्रति घन्टा रु ....

५.जांनकी गाउँपालिकाको कार्यालयदेखि १ कि.मी. चक्रमा पर्ने वा .....स्थानसम्मका लागि रु.......भाडा दर प्रस्ताव कायम गरिएको छ ।

## अनुसूची २

### निर्देशिकाको दफा ७ को उपदफा (४) संग सम्बन्धित

### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. राष्ट्रिय एम्बुलेन्स निर्देशिका,२०७८ लाई पूर्णता पालना गर्नुपर्ने।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने।

३. मादकपदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने।

४. ईमरजेन्सी अवस्थामा पनि एम्बुलेन्स चालकले ट्राफिक नियमको पालना गर्नु पर्ने।

५. बिरामीको ओसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका आफन्तलाई सधै सम्मान पुर्वक व्यवहार गरि उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने।

६. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने।

७. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनुपर्ने।

८. कुनैपनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

९. बिरामीलाई बीच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने।

१०. आफ्नो कामको सिलसिलामा पाएको कुनैपनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने।

११. पुर्व अस्पताल सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा सहयोग पुर्याउनुपर्ने।

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसारपसार नगर्ने,प्रचलित कानुनको पालना गर्नु पर्ने र त्यस्तो नगरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वयं सजायको भागीदार हुनुपर्ने।

१३. प्रचलित कानुनको पालना गर्नुपर्ने।

म..............................ठेगाना.....................ना.प्र.प.न.........जारी मिति................जिल्ला सवारी चालक पत्र नं...........जारी मिति..............ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु।जानकी गाउँपालिका कार्यालयको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु।

| | |
|---|---|
| चालकको :- | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखत : | दस्तखत : |
| नाम :- | नाम :- |
| मिति: | मिति :- |

अनुसूची ३

निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित

"ख" बर्गको एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

| S.N. | Emergency Equipment | Others |
|---|---|---|
| 1. | Stethoscope | Washing Equipment |
| 2. | B.P.Set | Wheel chair and trolley |
| 3. | Tongue Depressor | Radio Communication |
| 4. | IV Drips | Two way video consultation device |
| 5. | Cannula And Syringe | Mobile device with 4G connectivity |
| 6. | ECG Monitor And Oxygen Monitor | Walkie Talkie |
| 7. | Intubation set | Camera |
| 8. | Various Intubation tubes and laryngeal tubes | GPS |
| 9. | Torch Lite | |
| 10. | Nebulizer Set | |
| 11. | Ambu Bag | |
| 12. | Manual suction set | |
| 13. | Cervical collars | |
| 14. | CPR Board | |
| 15. | Oxygen supply | |
| 16. | Automated External Defibrillator | |
| 17. | Delivery set | |
| 18. | Dressing set | |
| 19. | Splints | |
| 20. | Catheterization set | |
| 21. | Hemostatic set | |
| 22. | Other | |

आज्ञाले,

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत